| JDF 432 | **वयस्कको नाम** |
| --- | --- |
| | कसरी परिवर्तन गर्ने मार्गदर्शन |

## 1. आधारभूत जानकारी

- तपाईंले आफू बसोबास गरेको काउन्टीमा याचिका दायर गर्नुपर्नेछ।
- तपाईं कम्तीमा 18 वर्षको हुनु पर्नेछ।
- यदि तपाईं पूर्व अपराधी हुनुहुन्छ भने, यसको साटो JDF 385 नाम परिवर्तन निर्देशनहरू प्रयोग गर्नुहोस्।
- तपाईं दायर गर्नु अघि 90 दिनभित्र मिति उल्लेख भएको औँठाछाप-आधारित आपराधिक इतिहास जाँच संलग्न गर्नु पर्नेछ।
- केही काउन्टीहरूमा आदेश जारी गर्नुअघि सुनवाइ आवश्यक हुनसक्छ। अदालतहरूको प्रक्रिया तथा सुनवाइ कसरी तय गर्ने भन्नेबारे अदालतसँग सम्पर्क गर्नुहोस्।
- अदालतले छुट नदिएसम्म, आदेश जारी हुनु अघि तपाईंले नाम परिवर्तनको सूचना प्रकाशित गर्नु पर्नेछ।
- यस प्रक्रियालाई निर्देशित गर्ने कानुन C.R.S. §§ 13-15-101, 102 हो।

**नोट:** विवाह वा सिभिल युनियन पछि आफ्नो थर परिवर्तनका लागि तपाईंलाई यो प्रक्रिया आवश्यक पर्ने छैन। सम्बन्धित एजेन्सीमा प्रमाणपत्रको प्रमाणित प्रतिलिपि दायर गरेमात्र पुग्छ।

**यस मार्गनिर्देशनमा थप:**


| | | |
| --- | --- | --- |
| 2. | चरणबद्ध मार्गनिर्देशक | पृ. 2 |
| 3. | सामान्य शब्दहरू | पृ. 4 |
| 4. | दायर शुल्कहरू | पृ. 5 |
| 5. | फारामहरूको सूची | पृ. 5 |
| 6. | एडिए जानकारी | पृ. 6 |
| 7. | कानुनी सल्लाह | पृ. 6 |

**2.पृष्ठ 4 मा परिभाषित गरिएका** **चरणबद्ध**

**शब्दावली।**

चरण 1 - औँठाछाप

औँठाछाप प्रदान गर्नका लागि निम्नमा भेटघाट तय गर्नुहोस्:

www.coloradofingerprinting.com

चरण 2 - इतिहास जाँच

निम्नबाट औठाछाप आधारित आपराधिक इतिहास जाँच आदेश गर्नुहोस्:

- ☐ कोलोराडो अनुसन्धान ब्युरो (सिबिआइ); र
- ☐ फेडेरल अनुसन्धान ब्युरो (एफबिआइ)।

सम्झिनुहोस्:

1) तपाईंले रिपोर्टको मितिको **90 दिनभित्र मुद्दा आरम्भ गर्नुपर्नेछ।**

2) तपाईंले उक्त रिपोर्टहरूमा प्रतिबिम्बित नभएका आपराधिक प्रवृत्तिहरूका प्रमाणित प्रतिलिपिहरू प्रदान गर्नु पर्नेछ।

चरण 3 - मुद्दा आरम्भ गर्नुहोस्

1) सुरुवाती कागजी कार्य पूरा गर्नुहोस्:

   - ☐ JDF 433 - याचिका।

     **संलग्न गर्नुहोस्:** इतिहास जाँच र कुनै आपराधिक प्रवृत्तिहरू।

     **नोट:** प्रकाशन आवश्यकता छुटका लागि तलको खण्ड हेरनुहोस्।

   - ☐ JDF 427 - सामुदायिक सूचना।
   - ☐ JDF 426 - प्रकाशनका लागि आदेश। (मुद्दा शीर्षक मात्र गर्नुहोस्।)
   - ☐ JDF 448 - अन्तिम आदेश। (मुद्दा शीर्षक मात्र गर्नुहोस्।)

2) आफू बसेको काउन्टी अदालतमा मुद्दा दायर गर्नुहोस्।

**वेब औजार:** [अदालत खोजीकर्ता]

3) दायर शुल्क भुक्तानी गर्नुहोस्। विस्तृत विवरणका लागि पृष्ठ 5 मा शुल्कहरू हेर्नुहोस्।

**नोट:** **प्रकाशन छुट गर्ने**

याचिकामा तपाईंले अदालतसँग प्रकाशनको आवश्यका छुट गरिमाग्न सक्नुहुनेछ। यदि तपाईं:

- बाल वा घरेलु **हिंसा** पीडित हुनुहुन्छ भने; वा
- आफ्नो **लैङ्गिक पहिचान** पुष्टि गर्न आफ्नो नाम परिवर्तन गराउँदै हुनुहुन्छ भने;

उक्त कुरा याचिकामा प्रश्न 9 अन्तर्गत उल्लेख गर्न निश्चित गर्नुहोस्। त्यस्ता मुद्दाहरूमा, अदालतले छुट स्वीकृत गर्नु पर्नेछ। C.R.S. § 13-15-102(2), (4).

## चरण 4 - सुनवाइ *(कहिलेकाहीँ)*

धेरै जसो अदालतहरूले सुनवाइ सञ्चालन नगरे तापनि, केहीले गर्न सक्छन्। यदि त्यसो भयो भने:

1) अदालतले सुनवाइ मिति र समयका विषयमा सूचना प्रदान गर्नेछ।

2) कक्ष पत्ता लगाउन र सुरक्षा जाँच पार गर्नका लागि छिटै अदालत पुग्नुहोस्।

3) न्यायाधीशले कागजपत्रको समीक्षा गर्नेछन्, भएका प्रश्नहरू सोध्न सक्नेछन्, तथा प्रकाशनको आदेश (वा छुट) प्रदान गर्न सक्नेछन्।

## चरण 5 - प्रकाशन

अदालतले छुट नदिएसम्म, तपाईंले आफ्नो प्रस्तावित नाम परिवर्तनको सूचना प्रकाशित गर्नु पर्नेछ।

1) तपाईंले रेकर्ड समाचारपत्रमा 21 दिनभित्रमा कम्तीमा तीन पटक सूचना प्रकाशित गर्नु पर्नेछ।

2) *समाचारपत्रलाई अदालतले हस्ताक्षर गरेको JDF 426 - प्रकाशन आदेशको प्रति प्रदान गर्नुहोस्।*

3) पूरा भएपछि, उक्त समाचारपत्रले तपाईँलाई प्रकाशनका कागजपत्रहरू प्रदान गर्नेछ। वा, प्रमाणका लागि प्रत्येक प्रकाशनका प्रतिहरू बनाउनुहोस्।

☐ आफ्नो मुद्दामा प्रकाशनको प्रमाण दायर गर्नुहोस्।

### चरण 6 - अन्तिम आदेश

तपाईँले प्रकाशनको प्रमाण दायर गरिसकेपछि, यदि अदालतले प्रकाशन छुट दिएमा:

1) अदालतले तपाईँलाई हस्ताक्षरित आदेश पठाउनेछ।

2) तपाईँले शुल्क भुक्तानी गरेर प्रमाणित प्रतिलिपिहरू माग्न सक्नुहुनेछ।

3) एउटा प्रति वा प्रमाणित प्रतिलिपि व्यावसायिक वा सरकारी एजेन्सीलाई पठाउनुहोस् जसले गर्दा उनीहरूले आफ्ना रेकर्डहरूमा तपाईँको नाम परिवर्तन प्रतिबिम्बित गर्न सकून्।

उदाहरणहरू:

तपाईँको वाहनचालकको प्रमाणपत्र (लाइसेन्स) का लागि मोटर वाहन विभाग
स्वामित्वमा भएको सम्पत्तिका लागि काउन्टी क्लर्क वा अभिलेखाकार।
पासपोर्टका लागि अमेरिकी विदेश विभाग।
क्रेडिट रिपोर्टिङ ब्युरोहरू। र अन्य।

## 3. सामान्य शब्दहरू

| | |
|---|---|
| मुद्दा शीर्षक | फारामको टुप्पामा रहेका बाकसहरू। यसमा अदालतको ठेगाना, पक्षहरूको नाम, दायरकर्ताको सम्पर्क जानकारी, र मुद्दा नम्बर हुन्छ। |
| याचिका: | नाम परिर्तन प्रक्रिया आधिकारिक रूपमा आरम्भ गर्ने प्रलेख। |
| वादीः | नाम परिवर्तनका लागि याचिका दायर गर्ने व्यक्ति। |

| | |
|---|---|
| सामुदायिक सूचना: | नाम परिवर्तनको सूचना आदेश जारी भएको 21 दिन भित्रमा कम्तीमा तीन पटक मुद्दा दायर गरिएको काउन्टीमा प्रकाशित हुने आधिकारिक समाचारपत्रमा प्रदान गरिनेछ। |
| हुन सक्ने: | कानुनी शब्दावलीमा "हुन सक्ने" लाई "वैकल्पिक" वा "गर्न सक्ने" परिभाषित गरिएको छ। |
| हुनु पर्ने: | कानुनी शब्दावलीमा "हुनु पर्ने" लाई "आवश्यक" परिभाषित गरिएको छ। |

## 4. शुल्कहरू

| | |
|---|---|
| दायर शुल्क* | $88 - काउन्टी अदालत *(सबैभन्दा आम छनोट)* |
| | $238 - डिस्ट्रिक्ट अदालत *(एउटै प्रक्रिया, बढी महङ्गो)* |
| प्रमाणित प्रति | $20 |

* शुल्क छुट अनुरोध गर्नका लागि:

- ☐ JDF 205 - शुल्क छुटका लागि प्रस्ताव।
- ☐ JDF 206 - आदेश। (मुद्दा शीर्षक मात्र गर्नुहोस्।)

तपाईंले सम्बन्धित संस्थाहरूलाई पनि औँठाछाप, आपराधिक इतिहास जाँच *(CBI/FBI)*, तथा नाम-परिवर्तन प्रकाशित गर्नका लागि *(समाचारपत्र)*लाई शुल्क भुक्तानी गर्न आवश्यक छ।

## 5. सम्पूर्ण फारामहरू *(साङ्ख्यिक क्रममा)* www.courts.state.co.us/Forms

JDF 426 - प्रकाशनका लागि आदेश।

JDF 427 - सामुदायिक सूचना।

JDF 433 - याचिका।

JDF 448 - अन्तिम आदेश।

## 6. एडिए जानकारी

अशक्तता भएका अमेरिकीहरू अधिनियम अन्तर्गत युक्तिसङ्गत बन्दोबस्तका लागि अदालतको एडिए संयोजकलाई सम्पर्क गर्नुहोस्।

www.courts.state.co.us/Administration/HR/ADA/Coordinator_List.cfm

## 7. कानुनी सल्लाह

यी आधारभूत निर्देशनहरू सूचनात्मक प्रयोजनका लागि मात्र हुन्। यिनमा कानुनी सल्लाह हुँदैन। यदि तपाईं आफ्नो प्रतिनिधित्व आफैं गर्न चाहनुहुन्छ भने तपाईं कुनै वकीलकै नियम तथा प्रक्रियाहरूले बाँधिनुहुनेछ। यदि तपाईंले यो जानकारी बुझ्नुभएन भने, कृपया वकिलसँग सम्पर्क गर्नुहोस्।